# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ २२ गते २०५६ साल (अतिरिक्ताङ्क २० (क)

## भाग ३

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार गरी निर्वाचन आयोगले देहायबमोजिमको आदेश जारी गरेको छ :–

(क) निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क. बमोजिम निर्वाचन आयोगले मिति २०५३।८।२३ मा जारी गरेको निर्वाचन आचार संहिता, २०५३ मा उल्लिखित आचरणहरू पालना गर्नु, गराउनु श्री ५ को सरकार, श्री ५ को सरकारसंग सम्बन्धित सबै अङ्गहरू, सरकारी तथा अर्धसरकारी समिति, संस्थान वा निगम, गैरसरकारी संस्था, राजनैतिक संगठन वा दल तथा त्यसका पदाधिकारी, उम्मेदवार र निजका प्रतिनिधि वा कार्यकर्ता तथा निर्वाचनको प्रचार प्रसारमा संलग्न व्यक्तिहरूको कर्तव्य हुनेछ ।

(ख) निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क. बमोजिम निर्वाचन आयोगले मिति २०५३।८।२३ मा जारी गरेको निर्वाचन आचार संहिता, २०५३ अनुसार श्री ५ को सरकारले पालना गर्नुपर्ने आचरण कार्यान्वयन गर्ने, गराउने दायित्व श्री ५ को सरकार र सो अन्तर्गतका निकायका विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152